# जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) नियमावली, २०७४

नेपाल राजपत्रमा प्रकाशति मिति

2074/03/05

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) नियामावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोग सम्झनु पर्छ ।

(ख) "उजूरी" भन्नाले ऐनको दफा ५ बमोजिमको उजूरी सम्झनु पर्छ र सो शव्दले प्रचलित कानून बमोजिम दिइने जाहेरी दरखास्तलाई समेत जनाउँछ ।

(ग) "ऐन" भन्नाले जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

३. प्रहरी कार्यालयमा उजूरी दिन सक्नेः (१) कसैले ऐनको दफा ४ बमोजिमको कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा उजूरी दिन सक्नेछ ।

(२) कसैले नेपाली नागरिक विरुद्ध ऐनको दफा ४ बमोजिमको कुनै कसूर नेपाल बाहिर गरेमा सो थाहा पाउने व्यक्तिले निज बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा उजूरी दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐनको दफा ४ बमोजिमको कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले मौखिक, हुलाक वा अन्य माध्यमबाट प्रहरी कार्यालयमा उजूरी दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम कसैले उजूरी दिएको भए सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजूरीकर्तालाई झिकाई उजूरीको व्यहोरा सनाखत गराउनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम उजूरी प्राप्त भएकोमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजूरीलाई अनुसूची-१ बमोजिमको ढाँचामा अभिलेख गरी राख्नु पर्नेछ ।

(६) यस नियम बमोजिम कुनै उजुरी पर्न आएमा प्रहरी कार्यालयले त्यस्तो उजूरी दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उजूरी दर्ताको भरपाई सम्बन्धित उजूरीकर्तालाई दिनु पर्नेछ ।

४. आयोग वा स्थानीय तहमा उजूरी गर्न सक्नेः (१) कसैले नियम ३ बमोजिम दिएको उजूरी प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा आयोग वा स्थानीय तहमा उजूरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजूरी पर्न आएमा आयोग वा स्थानीय तहले सो उजूरीको व्यहोरा कार्यालयमा अभिलेख गरी तीन दिनभित्र उजूरी दर्ता गर्नको लागि सम्बन्धित प्रहरी कार्यालयमा अनुसूची-४ बमोजिमको ढाँचामा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो उजूरी दर्ता गरी अनुसूची-२ बमोजिमको भरपाई सम्बन्धित आयोग वा स्थानीय तहमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम भरपाई प्राप्त भएमा आयोग वा स्थानीय तहले सम्बन्धित उजूरीकर्तालाई त्यस्तो भरपाई उपलब्ध गराउनु पर्नेछ ।

अनुसूची -१

(नियम ३ को उपनियम (१) र (२) सँग सम्बन्धित)

<u>उजूरीको ढाँचा</u>

श्री ....................... मा दिएको (प्रहरी कार्यालयको नाम र ठेगाना)

प्रहरी कार्यालयले भर्ने
दर्ता नं. :
दर्ता मिति -

<u>उजूरी</u>

१= पीडितको नाम, थर र ठेगाना :

२= कसूर गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया :

३= कसूर भएको वा हुन लागेको स्थान, मिति र समय :

४= कसूरको व्यहोरा :

५. सम्बन्धित कुनै प्रमाण भए सो को विवरण :

६. सम्बद्ध अन्य विषय र विवरण :

यस उजूरीको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनु पर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

उजूरीकर्ताको,-

दस्तखतः

मितिः

अनुसूची -२

(नियम ३ को उपनियम (६) सँग सम्बन्धित)

<u>उजूरीको भरपाई</u>

विषयः– जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसूर बारे ।

................................. *(उजूरीकर्ताको नाम)* को मिति ............................को उजूरी प्राप्त भई यस प्रहरी कार्यालयको दर्ता किताबमा मिति ............................ मा दर्ता भयो ।

कार्यालयको छाप : उजूरी दर्ता गर्ने प्रहरी कर्मचारीको,-

दर्ता नं. : दस्तखत :

नाम :

पद :

कार्यालय :

मिति :

अनुसूची-३

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

<u>उजूरीको ढाँचा</u>

श्री ...... ………..(*आयोग/स्थानीय तहको नाम*) मा दिएको

<u>उजूरी</u>

१= उजूरीकर्ताको नाम, थर, ठेगाना :

२= कसूर गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलिया :

३= कसूर भएको वा हुन लागेको स्थान, मिति र समय :

४= कसूरको व्यहोरा :

५. सम्बन्धित कुनै प्रमाण भए सो को विवरण :

६. सम्बद्ध अन्य विषय र विवरण :

७. उजूरी दर्ता गर्न इन्कार गर्ने प्रहरी कार्यालयको नाम र ठेगाना :

८. प्रहरी कार्यालयले उजूरी दर्ता गर्न इन्कार गरेको मिति :

९. उजूरी दर्ता गर्न इन्कार गर्नुको कारण :

यस उजूरीको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुनु पर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु ।

उजूरीकर्ताको,-

दस्तखत:-

मिति :-

अनुसूची-४

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

<u>आयोग वा स्थानीय तहले प्रहरी कार्यालयमा लेखी पठाउने सूचनाको ढाँचा</u>

श्री ...................... (*प्रहरी कार्यालयको नाम र स्थान*)

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, 206८ को दफा ४ बमोजिमको कसूर सम्बन्धमा त्यस कार्यालयमा मिति ........... मा..........ले दिएको उजूरी त्यस कार्यालयबाट दर्ता गर्न इन्कार भएको भनी यस.............(*आयोग वा स्थानीय र तहको नाम र ठेगाना*) मा निजले उजूरी दर्ता गराएको हुँदा सम्बन्धित व्यक्तिको नाममा उजूरी दर्ता गरी कानून बमोजिम दर्ताको भरपाई यस ...........(*आयोग वा स्थानीय तहको नाम*) मा उपलब्ध गराइदिनु हुन निजले दिएको उजूरी यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

सम्बन्धित अधिकारीको,-

नाम :

दस्तखत :

पद :

मिति :

कार्यालयको नाम :